# एसबीबीद्वारा जैवविविधताबारे सचेतना कार्यक्रम



**खाम्दोङ, १२ अक्टोबरः** माउन्टेन इन्सटिच्यूट इण्डियाले सिक्किम जैवविविधता बोर्ड अनि सिक्किम विश्वविद्यालयको बनस्पति शास्त्र विभागसंगको समन्वयनमा भारत सरकारको एमओइएफ एवं सीसीद्वारा प्रायोजित एउटा परियोजनालाई कार्यान्वयनमा ल्याइरहेको छ। यो परियोजना हिमालयन पर्यावरण अनि सिक्किम हिमालयमा दिगो विकाससंग सम्बन्धित जीबी पन्त राष्ट्रिय संस्था अन्तर्गत रहेको प्रेस बयानमा उल्लेख गरिएको छ। उक्त परियोजनाको मुख्य उद्देश्य औषधीय बोट, बिरुवा तथा पौधाहरूको संरक्षम सम्बर्द्धन साथै विपणनको उचित व्यवस्थछा सुनिश्चित गर्नु रहेको छ। यसको साथमा कृषकहरूको आजीविका अनि आयस्रोतमा वृद्धि ल्याउनु पनि यसको लक्ष्य रहेको छ।

कार्यक्रममा डा. घनश्याम शर्माले सिक्किम हिमालयमा रहेका विविध जैवविविधताबारे प्रकाश पार्दै स्थानीय सुमिक-लिङ्जे क्षेत्रमा रहेको जैवविविवधातोक विषयमा विस्तृत रूपमा जानकारी दिए। सय अवसरमा उनले जैवविविधता प्रबन्धन समितिको संविधान साथै जैवविविधता रेजिस्टरको विषयमा पनि बताए।

पूर्व सिक्किम अन्तर्गत सुमिक-लिङजेमा गत ११अक्टोबरको दिन आयोजित उक्त सचेतना कार्यक्रममा लोटस एसएचजी, निलकमल एसएचजी अनि जीवनदीप एसएसजी साथै सुमिक-लिङजेका प्रतिनिधिहरूसहित ३५ जना स्थानीय महिला सदस्यहरूले अंशग्रहण गरेको बताइएको छ। यस कार्यक्रमको समयमा डा. घनश्याम शर्मा अनि डा. सन्तोष छेत्री टीएमआई इण्डिया, डा. अरूण छेत्री, सिक्किम विश्वविद्ालय साथै डा. भारत प्रधान, सिक्किम जैवविविधता बोर्डले सिक्किम हिमालय क्षेत्रको स्थानीय जैव विविधता उत्पादन एवं यसको महत्वको लविषयमा चर्चा परिचर्चा गरे।

टीएमआई इण्डियाले अहिले सुमिकमा भाकमिलो अनि मेलको निम्ति विरुवाहरूको नर्सरी स्थापित गरेको छ। अहिले ती विरुवाहरू बढ़िरहेका छन् जसलाई इच्छुक कृषक अनि एसएचजीहरूलाई निःशुल्क वितरण गरिने बताइएको छ भने सचेतना कार्यक्रमको अवसरमा वृक्षरोपणक निम्ति ६० वटा विरुवा वितरण गरियो। यसका साथै कृषकहरूको निम्ति अझै अधिक विरुवा वितरण गरिने कार्यक्रम रहेको छ।

## चुनाउमा सार्वजनिक सम्पत्तिलाई विरूपित गर्नेमाथि जरिमाना लगाइने- एनजीटी

**नयाँ दिल्ली, १२ अक्टोबर (हिस)।** नेशनल ग्रीन ट्रिब्यूनल (एनजीटी)ले चुनाउहरूमा सार्वजनिक सम्पत्तिलाई विरूपित गर्नेहरू विरूद्ध कड़ा एनवायरमेन्टल जरिमाना लगाउने आदेश दिएको छ। एनजीटीले भनेको छ, यो आदेश आजदेखि नै प्रभावी हुनेछ। एनजीटीले दिल्ली विश्वविद्यालय छात्रसंघ चुनाउमा रोक भएपनि सार्वजनिक सम्पत्तिलाई विरूपित गर्ने औं पोस्टर लगाएर कागजको बर्बादी गर्ने विरूद्ध दर्ता याचिकामा सुनवाई गरिरहेथियो। पछिल्लो सुनवाईमा दिल्ली विश्वविद्यालयको तर्फबाट कोही पेश भएको थिएन। जसबाट एनजीटी निकै क्षुब्ध भएको थियो। कोर्टले भनेको छ, आदेशको उल्लङ्घन गर्नेहरू विरूद्ध एक्शन टेकन रिपोर्ट पनि पेश गरियोस्। गत ५ सेप्टेम्बरमा एनजीटीले दिल्ली छात्र संघ र विश्वविद्यालय अनुदान आय़ोगलाई दिल्ली छात्र संघ चुनाउमा कागजरूको बर्बादी गर्नुको निम्ति अवमानना नोटिस जारी गरेको थियो। एनजीटीले गत साल चुनाउहरूको प्रचार-प्रसारको निम्ति कागजहरूको प्रयोग नगरिने आदेश दिएको थियो। दिल्ली विश्वविद्यालयका विधिका छात्र नितिन चन्द्रनले एक समाचारपत्रमा छापेको समाचारमा संज्ञान लिने आग्रह गर्दै एनजीटीमा मेन्शन गरेका थिए। जसपछि एनजीटीले दिल्ली विश्वविद्यालय र छात्र संघलाई नोटिस जारी गरेको थियो। एनजीटीको कानून मुताबिक, उसको आदेशहरूको पालन नगरेकोमा अधिकतम तीन वर्षको सजाय र दश करोड़ रूपियाँको जरिमानाको प्रावधान छ।

## टिस्टा नदीमा लापत्ता विवेक कार्कीको खोजी जारी



**रम्फू, १२ अक्टोबरः** गत ७ अक्टोबरदेखि रम्फू टिस्टा नदीदेखि लापत्ता विवेक कार्कीको अझै कनि पत्ता लागेको छैन। समाचार अनुसार उनी आफ्ना अन्य तीन साथीहरूसंग टिस्टा नदी गएका थिए। विवेक एक राम्रो तैराक रहेकोले उनी नदी पुग्ने बितिकै तैरिन तयार भए। उनका तीन साथीहरू अनुसार उनी नदीबाट निस्केर आएको नदेखेपछि खोजबिन शुरु गरियो। उनको खोजी अभियानमा राफ्टिङ दलको पनि सहयोग लिएको छ। आज ६ दिनदेखि लगातार खोजबिनमा लागी परेका छन्। आजसम्म पनि कुनै प्रकारको सुराग लाग्न सकेको छैन।

## शारदा मामिलाको सुनवाई ०८ नोभेम्बरमा

**कोलकाता, १२ अक्टोबर (हिस)।** राज्यको सबैभन्दा ठूलो चिटफण्ड मामिलाको सुनवाई बुधबार हुनुथियो तर यसका मुख्य



आरोपीहरूमध्ये एक देवयानीलाई किन पेश गरिएन ? यसलाई लिएर पुलिस प्रशासनतिर प्रश्न खड़ा भईऱहेछ। यस लापरवाहीको कारण सीबीआई अदालतमा न्यायाधीश चिन्मय चटर्जीले रोष प्रकट गरे। उनले दमदम जेलका सुपरलाई ०८ नोभेम्बरको दिन अदालतमा देवयानीलाई पेश गर्ने निर्देश दिए। त्यही दिन सुदीप्त सेनलाई पनि पेश गरिनेछ। अदालत अनुसार, बुधबार रमेश गांधी नामक व्यक्तिको जमानत आवेदन तय थियो तर उनका उकीलले समय मागेका छन्। जसको तिथि २५ अक्टोबर तय गरिएको छ।

## कालीपूजा र दिवालीमा विशेष कन्ट्रोल रूम खोलिने

**कोलकाता, १२ अक्टोबर (हिस)।** बढ्दो घटनाहरूलाई ध्यानमा राख्दै कालीपूजा र दिवालीको दिन राज्य सरकारले विशेष कन्ट्रोल रूम खोल्ने निर्णय लिएको छ। यो आपदा विभागद्वारा संचालित गरिनेछ। नवान्न सूत्रहरू अनुसार, यस रूममा एक सचिव स्तरको अधिकारी नियुक्त गरिनेछ। प्रत्येक शिफ्टमा एक यूग्म सचिव रहनेछ तथा क रूम २४ घण्टा खुल्ला रहनेछ। कुनै प्रकारको पनि घटनाको सूचना प्राप्त भएमा तुरन्तै उचित कारबाही गरिनेछ। यो केवल नवान्न मात्र नभएर प्रत्येक जिल्लामा यस प्रकारको कन्ट्रोल रूम खोलिनेछ। अहिले नवान्नबाट यो निर्देश जारी गरिएको छ। यस कन्ट्रोल रूममा शब्दबाजी सहित सबै मामिलाहरूको शिकायत दिन सकिन्छ। यो कन्ट्रोल रूम १९ अक्टोबरदेखि २२ अक्टोबरसम्म चार दिन खोलिनेछ।

# विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा विविध कार्यक्रम




**सिङताम, १२ अक्टोबरः** स्वास्थ्य हेरचाह, मानव सेवा एवं परिवार कल्याण विभागको जिल्ला मानसिक स्वास्थ्य प्रकोष्ठ ठले पूर्व जिल्लाका ७ वटा प्राथमिक स्वास्थ्य केन्द्रहरूलाई साथमा लिएर पूर्व जिल्ला धारावाहिक रूपमा मानसिक स्वास्थ्य कार्यक्रम आयोजन गर्दै 'विश्व मानसिक स्वास्थ्य दिवस' पालन गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै डा. छिरिङ लाडेन (सीएमओ पूर्व जिल्ला) ले मानसिक स्वास्थ्य तथा मानसिक रूपमा स्वस्थ रहनु मानव जीवनमा अति जरूरी विषय बताए। उनले अझै बताएअनुसार कार्यक्षेत्रमा मानसिक स्वास्थ्यलाई विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) यो वर्ष मुख्य विषयको रूपमा लिएको छ।

पूर्व जिल्लाका जिल्ला मानसिक स्वास्थ्य कार्यक्रमका जिल्ला नोडल अधिकारी डा. सतिश रसाइलीले कार्यक्रमलाई सम्बोधन गर्दै वैश्वीकस्तरमा मानसिक विकारको समस्या १२ प्रतिशत रहेको अनि आगामी २०२० सम्म यो प्रतिशत बढ़ेर २० प्रतिशत पुग्नसक्ने आशंका रहेको बताए भने भारतमा मात्र लगभग १५० मिलियन मानिसहरूलाई मानसिक स्वास्थ्य विषयमा सक्रियताको साथमा उपचारको आवश्यकता रहेको बताए।

प्रेस विज्ञप्तिमा जनाइएअनुसार विगत दुई वित्तीय वर्ष (२०१५-१७) मा लगभग ८५० मानसिक स्वास्थ्य कार्यक्रम आयोजन गरिएको छ। यो कार्यक्रम ग्रामीण मानसिक स्वास्थ्य अभियानको व्यानरमा आयोजन गरिएको बताइएको छ। यो टोलीले माखा स्कूल, रम्फू बजार निम्न उच्च विद्यालय, गान्तुङ स्कूल, छुचाजेन एसएस स्कूल, आरिटार पीएचएससी, साङ पीएचसी अनि सिक्किम विश्वविद्यालयमा गत १० अक्टोबरको दिन डब्ल्यूएमएचडी आोजन गरेको प्रेस बयानमा उल्लेख गरिएको छ।

## डेढ़ करोड़ हेरोइन र चरसको साथ दुई पक्राउ

**नयाँ दिल्ली, १२ अक्टोबर (हिस)।** दिल्ली पुलिसको क्राइम ब्राञ्चले नारकोटिक्स सेलको साथ मिलेर डेढ़ करोड़को हेरोइन र तीन किलो चरसको साथ दुई गुटलाई पक्राउ गरेको छ। पुलिसका वरिष्ठ अधिकारी अनुसार, पहिलो मामिलामा पुलिसलाई कमल किशोर र किशन (नैनीताल निवासी)ले नैनीतालबाट चरस दिल्ली लिएर आईरहेको तथा यस अवधिमा उनीहरू रिठाला रोडमा बुध विहार पुलिया पुग्नेछ भन्ने जानकारी प्राप्त भयो। यसपछि एसीपी संजीव कुमार त्यागीको नेतृत्वमा एक टीम यहाँ पुग्यो। टीमले तीन आरोपीलाई पक्राउ गऱ्यो। जसको पहिचान किशन सिहं लामागारिया, कमल किशोर बोरा, राजेन्द्र उर्फ राजूको रूपमा भएको छ। यिनीहरूदेखि पुलिसलाई तीन किलो चरस प्राप्त भएको छ। त्यही दिन पुलिसलाई आलोक कुमार पाल नामक व्यक्ति तैमूर नगरमा हेरोइन बेच्नु आईऱहेको जानकारी हासिल भयो। यस सूचनापछि पुलिसले आरोपीलाई समायो। आरोपी आलोक पश्चिम बंगाल निवासी हो। आरोपीले हेरोइन पश्चिम बंगालमा अशन उल हक नामक व्यक्तिबाट लिएर आएको थियो। पुलिसले सबै आऱोपीहरूसित केरकार गरिरहेछ।

## खालिदा जिया विरूद्ध थप दुई अरेस्ट वारन्ट जारी

ढाका, १२ अक्टोबर (हिस)। ढाकाको अदालतले थप दुई मामिलामा बाङ्गलादेशकी पूर्व प्रधानमन्त्री र बीएनपी अध्यक्ष खालिदा जिया विरूद्ध अरेस्ट वारन्ट जारी गरेको छ किनभने उनी बुधबार सुनवाईमा अदालतमा उपस्थित थिइनन्। बाङ्गलादेशको वेभसाइट बीडी न्यूज २४ मुताबिक, पाँचौं विशेष अदालतका न्यायाधीशले जिया अनाथालय ट्रस्टसित सम्बन्धित भ्रष्टाचार मामिलामा अदालतमा हाजिर नभएको खण्डमा खालिदा जिया विरूद्ध अरेस्ट वारन्ट जारी गरे, जबकि त्यही दिन एक अन्य मामिलामा मेट्रोलिटन मजिस्ट्रेटले उनी विरूद्ध अरेस्ट वारन्ट जारी गरे। ज्ञात होस्, पूर्व प्रधानमन्त्री खालिदा जिया विगत तीन महिनादेखि लन्दनमा बस्दै आईऱहेछिन्। उनका



उकील सनाउल्ला मियांले वेभसाइटसित भने, अदालतहरूले एउटै दिन दुई मामिलामा अरेस्ट वारन्ट जारी गरे। यो सरकारको चाल हो ताकि खालेदा जिया घर फर्किन नसकुन्।

## कंग्रेसले महात्मा गान्धीको हत्याको राजनीतिक फायदा उठायोः उमा भारती

**नयाँ दिल्ली, १२ अक्टोबर (हिस)।** केन्द्रिय पेयजल एवं स्वच्छता मन्त्री उमा भारतीले कंग्रेसमाथि महात्मा गान्धीको हत्याको राजनीतिक फायदा उठाएको आरोप लगाएकी छन्। यही सिलसिलामा उनले यस मामिलाको खुलासाको माग गरेकी छन् किनभने महात्मा गान्धीले



कंग्रेसलाई भंग गर्न लागेका थिए। उमा भारतीले भनेकी छन्, वास्तवमा गान्धीको हत्या पुनर्विचारणीय छ। उनको हत्या गोडसेले गरेतापनि गोडसेलाई भड़काउने काम आखिर कसले गऱ्यो? यसको खुलासा हुनुपर्छ। महात्मा गान्धीको हत्याको फाइल पुनः खोल्नलाई लिएर सर्वोच्च न्यायालयमा अभिनव भारत ट्रस्टका शोधकर्ता र ट्रस्टी पंकज फडनविसले याचिका दर्ता गरेका छन्। कोर्टले ३० अक्टोबरको दिन पुनः सुनवाई गर्नेछ। यस याचिकामा गांधीको हत्यामा तीन गोलीको सिद्धान्तमा प्रश्न उठाइएको छ। याचिकामा भनिएको छ, यस सम्बन्धमा अमेरिकासित धेरै गोपनीय जानकारी छ।

# ३२ वर्षपछि दिल्लीमा जुटे दुनियाभरिका जासूस

**नयाँ दिल्ली, १२ अक्टोबर (हिस)।** विश्व जासूस संगठन (डब्ल्यूएडी) को ब्यानरमुनि ५० देशका शीर्ष १५० जासूसले बिहीबारदेखि राजधानीमा भ्रष्टाचार र साइबर अपराधहरूसित जुड़ेका खतराहरूको समाधानबारे मन्थन गर्नेछन्। कौशल विकास मन्त्रालय अन्तर्गत संचालित सुरक्षा क्षेत्रको कौशल विकास परिषदका प्रमुख कुंवर विक्रम सिहंले हिन्दुस्थान समाचारसित विशेष कुराकानीमा बिहीबार बताएका छन्, चार दिवसीय अन्तरराष्ट्रिय संगोष्ठीमा विश्वका पेशावर जासूसहरूले वैश्विक स्तरमा सम्पूर्ण सुरक्षा परिदृश्यको निम्ति उत्पन्न चुनौतीहरू र यसको समाधानमा चर्चा गरिरहेछन्। यस पल्टको संगोष्ठीमा मुख्य रूपमा साइबर क्राइममा चर्चा गरिन्दैछ, यो आज वैश्विक समस्या बनेको छ। सिहंले थप बताएका छन्, भारतमा नकली मुद्राको प्रचलन, हवाला कारोबार, कालो धनको समस्या, ब्याङ्क र साइबर अपराधहरूको बढ्दो समस्यालाई ध्यानमा राख्यै डब्ल्यूएडीको ९२औं सालाना बैठक भारतमा आयोजित गर्ने पहल गरिएको छ। सेनाको आयुध एकाईका पूर्व महानिदेशक लेफ्टिनेन्ट जनरल (सेवानिवृत) राजेन्द्र सिहंले संगोष्ठीको उद्घाटन गरे। उनले भनेका छन्, भारत सहित अन्य विकासशील देशहरूमा ब्याङ्किङ एवं साइबर अपराधहरू र सरकारी एवं गैर सरकारी तन्त्रमा व्याप्त भ्रष्टाचारको सामना गर्नमा जासूसहरूको अहम भूमिकालाई ध्यानमा राख्दै यिनीहरूको सेवाहरू लिने तरीकाहरूमा पनि संगोष्ठीमा विचार गरिनेछ। यस अवधिमा अन्तरराष्ट्रिय पेशावर जासूस आतंकवाद, मानव तस्करी, नागरिक सुरक्षा, पुलिस तन्त्रको सजगता, रक्षा, जाँच र फोरेन्सिक साइन्सको क्षेत्रमा उत्पन्न चुनौतीहरूको सामना गर्ने रोडम्याप तयार गरी सरकार समक्ष यसको मस्यौदा पेश गर्नेछन्।

संगोष्ठीमा साइबर सुरक्षा, भ्रष्टाचार निरोधक गठजोड़, सुरक्षा परिदृश्यलाई खतरा र इन्टरपोलको भूमिका, भारतमा कारोबार, अवसर र चुनौतीहरू सहित अन्य अहम मुद्दाहरूमा वैश्विक पेशावर जासूसहरूले विचार साझा गर्नेछन्। सिहंले बताएका छन्, योभन्दा ३२ वर्ष अघि १९८४ मा यो संगोष्ठी राजधानीमा आयोजित भएको थियो।

# अब कमेटीको अनुशंसामा सीनियर एडवोकेट बन्ने, दिशा-निर्देश जारी

**नयाँ दिल्ली, १२ अक्टोबर (हिस)।** अब सीनियर एडवोकेटको दर्जा दिनु केवल जजहरूको अधिकार हुनेछैन। सुप्रीम कोर्टले सीनियर एडवोकेटको दर्जा दिनुको निम्ति दिशानिर्देश जारी गरेको छ। यो दिशा-निर्देश सुप्रीम कोर्ट र हाईकोर्टमा प्रभावी हुनेछ। जस्टिस रंजन गोगोई, जस्टिस आर एफ नरीमन र जस्टिस नवीन सिन्हाको बेञ्चले आज यस मामिलामा फसेला सुनाउँदै भनेको छ, सीनियर एडवोकेटको दर्जा दिनुको निम्ति एक स्थायी कमेटी हुनेछ, जसले उकीलहरूको इन्टरभ्यू लिनेछ औं फुल कोर्टलाई आफ्नो अनुशंसा पठाउनेछ। यस कमेटीले मानदण्डहरूको आधारमा आफ्नो अनुशंसा पठाउनेछ। यस कमेटीमा चीफ जस्टिस, दुई वरिष्ठतम जज, अटार्नी जनरल हुनेछन्। कमेटीको अनुशंसामा फुल कोर्टले फसेला गर्नेछ। कमेटीले उकीलहरूको क्षमता र उनीहरूको पर्सनेलिटीको टेस्ट गर्नेछ। सुप्रीम कोर्टको यस दिशानिर्देश मुताबिक, दुर्व्यवहारको शिकायत मामिलामा फुल कोर्टले सीनियर एडवोकेटको दर्जा खोस्न पनि सक्छ।

सुप्रीम कोर्टको यस फसेलापछि कोर्ट बाहिर उकीलहरूले वरिष्ठ उकील इन्दिरा जयसिहंलाई बधाई दिए। इन्दिरा जय सिहंले नै सीनियर एडवोकेटको दर्जा दिने एडवोकेट एक्टको धारा १६ लाई चुनौती दिएकी थिइन्। सुप्रीम कोर्टले २२ मार्चमा यस मामिलामा सुनवाईको निम्ति ठूलो बेञ्चलाई रेफर गरेको थियो।

याचिकाकर्ता इन्दिरा जयसिहंले भनेकी थिइन्, जब उकीलहरूलाई सीनियर कानून दर्जा दिइन्छ तब त्यसमा भेदभाव गरिन्छ। याचिकामा भनिएको थियो, सुप्रीम कोर्टले संविधानको धारा १४ र १५ को उल्लङ्घन गरिरहेछ। यस मामिलामा लगभग एक वर्ष ९ महिनासम्म सुनवाई चल्यो। यस अघि गत साल २१ अक्टोबरमा पूर्व चीफ जस्टिस टीएस ठाकूर, जस्टिस डीवीई चन्द्रचूड़ र जस्टिस एल नागेश्वर रावको बेञ्चले यस मामिलालाई बन्द गरिरहेको थियो।

## पटेका बेच्नलाई लिएर प्रशासनले जारी गऱ्यो दिशा-निर्देश

**गुवाहाटी, १२ अक्टोबर (हिस)।** असमको कामरूप (मेट्रो) जिल्ला प्रशासनले गुवाहाटीमा पटेका बेच्नलाई लिएर विशेष रूपमा दिशा-निर्देश जारी गरेको छ साथै प्रशासनद्वारा निर्धारित स्थानहरू मै पटेका बेच्न सकिन्छ। प्रशासनको अनुमति बिना कुनै पनि दोकानदारले पटेका बिक्री गर्न सक्दैनन्। जिल्ला प्रशासनको तर्फबाट जारी एक बयानमा भनिएको छ, पटेका विक्रेताहरूलाई पुलिस आयुक्तबाट एनओसी ल्याउनुपर्नेछ। साथै आपदा प्रबन्धन विभाग र गुवाहाटी नगर निगमबाट पनि एनओसी ल्याउनु अनिवार्य बताइएको छ। जबकि प्रशासनद्वारा निर्धारित स्थानहरूमै पटेका बिक्री गर्न सकिन्छ। प्रशासनले भनेको छ, अतिशीघ्र चयनित स्थानहरूको सूची प्रशासनले जारी गर्नेछ। जिल्ला प्रशासनको यस कदमले व्यापारीहरूमा भारी निराशा छ। व्यापारीहरूलाई सम्बन्धित विभागहरूबाट अनुमति लिनुमा कुनै आपत्ति छैन तर निर्धारित स्थानहरूबाट नै पटेका बिक्री गर्न सकिन्छ, यसलाई लिएर आपत्ति छ। व्यापारीहरूको भनाई छ, प्रशासनद्वारा निर्धारित स्थानहरूमा छुट्टै कर दिनुपर्नेछ, यसबाहेक अन्य धेरै प्रकारका दिक्कतहरू छन्। जसको उल्लेख गर्न मिल्दैन।

## विश्व दृष्टि दिवसमा 'दृष्टिको निम्ति दौड़' जागरूकता ऱ्याली

**गुवाहाटी, १२ अक्टोबर (हिस)।** विश्व दृष्टि दिवसको अवसरमा गुवाहाटीमा बिहीबार 'दृष्टिको निम्ति दौड़' नामक एक कार्यक्रमको आयोजना गरियो। यस अवसरमा बिहान एक शोभायात्रा निकालियो, जसमा भारी संख्यामा मानिसहरूले हिस्सा लिए। उल्लेख्य, विश्व दृष्टि दिवसको आय़ोजन प्रत्येक वर्ष अक्टोबर महिनाको दोस्रो साता बिहीबारको दिन आयोजित गरिने परम्परा छ। यसलाई ध्यानमा राख्दै राजधानीको बेलतलास्थित शंकरदेव नेत्रालय परिसरदेखि 'दृष्टिको निम्ति दौड़' नामक एक शोभायात्रा निकालियो, जसमा नेत्रालयका चिकित्सक, पेरामेडिक्स स्टाफको साथै स्थानीय मानिसहरूले भारी संख्याम हिस्सा लिए। यस कार्यक्रमको माध्यमले मानिसहरूलाई दृष्टिप्रति जागरूकता बढ़ाउने प्रयास गरियो साथै मानिसहरूसित धेरैभन्दा धेरै संख्यामा नेत्रदान गर्नुको निम्ति प्रोत्साहित गरियो किनभने एक व्यक्तिको नेत्रदानले दुई व्यक्तिले यो दुनिया हेर्न सक्छन्।

## संयुक्त राष्ट्रले म्यान्मारबाट शीर्ष अधिकारीहरूलाई फिर्ता बोलायो

**न्यूयार्क, १२ अक्टोबर (हिस)।** संयुक्त राष्ट्रले म्यान्मारको रोहिङ्ग्या क्षेत्रहरूमा काम गरिरहेका आफ्ना शीर्ष अधिकारी रेनाटा लोक-डेसालियनलाई न्यूयार्क फिर्ता बोलाउने घोषणा गरेको छ। संयुक्त राष्ट्रको बयान मुताबिक, डेसालियनले अक्टोबर महिनाको अन्तसम्म म्यान्मार छोड्नेछिन्। यस अघि जून महिनामा संयुक्त राष्ट्रको तर्फबाट चाँड़ै नै उनलाई अन्य पद दिइनेछ तर उनको कामको प्रदर्शनसित यो निर्णयको कुनै सरोकार छैन भनेको थियो। बीबीसी अनुसार, स्थानीय राजनयिक र सहायता समुदायबाट प्राप्त जानकारी अनुसार, डेसालियन त्यहाँ मानवाधिकारहरूलाई प्राथमिकता दिनमा विफल रहेकोमा संयुक्त राष्ट्रले यो फसेला लिएको हो। ज्ञात होस्, गत महिना बीबीसीले रेनाटा लोक-डेसालियनलाई आफ्नो खास रिपोर्टमा जाँचको फोकस बनाएको थियो। उनीमाथि रोहिङ्ग्या मुसलमानहरूमाथि आन्तरिक चर्चालाई दबाएको आरोप थियो। बीबीसी जाँचको जवाफमा म्यान्मारमा संयुक्त राष्ट्रले बयान जारी गरी डेसालियनको बचाव गर्दै भनेको छ, उनलाई फिर्ता बोलाइने फसेलाको रोहिङ्ग्या मामिलासित कुनै लेनादेना छैन। यो सामान्य प्रक्रियाको हिस्सा हो। तर म्यान्मारमा अब संयुक्त राष्ट्रको आगामी मुख्य अधिकारी को हुनेछ, यसको घोषणा गरिएको छैन। उल्लेख्य, गत केही दिन अघि रखाइन प्रान्तमा उत्पन्न हिंसाको कारण पाँच लाखभन्दा अधिक रोहिङ्ग्याले पलायन गरेका छन्। यसमा अधिकतरले बाङ्गलादेशको शिविरहरूमा शरण लिएका छन्।